
जहाँ छ मेरो जन्मभूमि,त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए,हुर्किएँ यस्तो पावन पवित्र पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥– कवि पर्वेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com



वर्ष ९ ● अंक ३१३ ● २०७९ भाद्र १७ गते शुक्रबार ● 2 Sept. 2022 ● पृष्ठ ४ ● मुल्य रु.५/-


## सरकारले फेरी बढायो पेट्रोलियम पदार्थको मूल्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १६ भाद्र**




इन्डियन आयल कर्पोरेशन (आईओसी)ले पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको छ । आईओसीले नेपाल आयल निगमलाई बिहीबार नयाँ मूल्यसूची पठाएको हो । निगमलाई प्राप्त नयाँ मूल्यसूचीअनुसार एलपीजी ग्यासबाहेक सबै पेट्रोलियम पदार्थको मूल्य बढेको छ। निगम स्रोतका अनुसार भारतबाट पेट्रोलको मूल्य प्रतिलिटर १.४० रुपैयाँ बढेर आएको छ । यस्तै, डिजेलको मूल्य प्रतिलिटर ६.१२ रुपैयाँ बढेर आएको छ भने हवाई इन्धन ८ रुपैयाँले बढेको आएको छ। यस्तै, यस पटक खाना पकाउने एलपीजी ग्यासको मूल्य भने प्रतिसिलिन्डर १२० रुपैयाँ घटेको छ। यससँगै, निगमलाई १५ दिनमा ४८ करोड २५ लाख रुपैयाँ घाटा हुने भएको छ । निगम स्रोतका अनुसार सबै पेट्रोलियम पदार्थको मूल्य बढेको स्थितिमा एलपीजी ग्यासको घट्दा करिब २ करोड रुपैयाँ बराबरको घाटा जोगिएको छ । पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको कच्चा मूल्यको भाउ उकालो लागेको छ। यसअघि, प्रतिब्यारेल कच्चा तेलको मूल्य ९४ डलर सम्म आइपुगेको थियो । जुन, अहिले बढेर १०० डलर प्रति ब्यारेल भन्दा माथि पुगेको छ । यससँगै, आईओसीले पठाएको नयाँ मूल्यसूची बढेर आएको हो । यसअघि, आईओसीले तीन पटकसम्म मूल्य घटाएर पठाएको थियो। तर, अब फेरि अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्न थालेपछि भाउ बढाएर पठाएको हो। आईओसीले निगमलाई प्रत्येक १५-१५ दिनमा नयाँ मूल्यसूची पठाउने गरेको छ । आईओसीले अंग्रेजी तारिख १ र १५ मा मूल्यसूची पठाउने गरेको छ। यस्तै, निगमले आईओसीलाई ८ र २३ तारिखमा भुक्तानी गर्दै आएको छ ।

## गठबन्धनमा सिट बाँडफाँटबारे गहन छलफल, संख्यामा सहमति हुन सकेन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १६ भाद्र**



पाँच दलीय सत्ता गठबन्धनको बैठकमा आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सिट बाँडफाँटका विषयमा आज पनि गहन छलफल भएको छ । प्रधानमन्त्री निवास बालुवाटरमा बसेको गठबन्धनका शीर्ष नेताहरुको बैठकमा सिट बाँडफाँटबारेमा गम्भीररुपमा छलफल भए पनि कुनै निष्कर्षमा पुग्न नसकिएको जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले राससलाई जानकारी दिए । सो विषयमा बैठकमा निरन्तर छलफल भए पनि सङ्ख्यामै कुरा अड्किएको र छिट्टै निष्कर्षमा पुगिने उनले विश्वास व्यक्त गरे । यसअघि बैठकमा नेपाली कांग्रेसले एक सय, नेकपा (माओवादी केन्द्र)ले ६०, नेकपा (एकीकृत समाजवादी)ले ४०, जनता समाजवादी पार्टी नेपालले ३२ र जनमोर्चाले दुई सिटको दाबी गरेका थिए । सो विषयमा सहमतिका लागि शीर्ष नेतासहितको बैठकमा नियमित छलफल हुँदै आएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजनमा भएको बैठकमा पाँचै दलका शीर्ष नेताको उपस्थिति थियो ।

## मधेशका दुई मन्त्री प्रदेश सभामै चुनाव लड्ने

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ भाद्र**



मधेश प्रदेशका दुई जना मन्त्री प्रदेश सभामै चुनाव लड्ने भएका छन् । आगामी मंसिर ४ गते हुने चुनावमा मधेश सरकार मा अहिले मन्त्री रहेका रामसरोज यादव र शैलेन्द्रप्रसाद साह प्रदेश सभामै चुनाव लड्ने भएका हुन । यादव नेपाली कांग्रेस पार्टीको तर्फबाट भौतिक पूर्वाधार र साह जनता समाजवादी पार्टीको तर्फबाट अर्थमन्त्री छन् । यादवको नाम धनुषा क्षेत्र नम्बर ३ को 'क' बाट सिफारिस भएको छ। कांग्रेस प्रदेश क्षेत्रीय समितिको बिहीबार बसेको बैठकले एकल रूपमा उनको नाम सिफारिस गरेको छ । यादव २०७४ को निर्वाचनमा पनि यही क्षेत्रबाट प्रदेश सभामा जितेका थिए । मन्त्री साह भने यसअघि चुनाव जितेको सप्तरीको क्षेत्र नम्बर २ को 'क' बाट नै चुनाव लड्ने छन् ।

## आलमको नाम प्रतिनिधिसभाका लागि रौतहट-२ बाट सर्वसम्मत

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १६ भाद्र**



नेपाली कांग्रेसले जिउँदै व्यक्तिहरुलाई इँटाभट्टामा हालेर हत्या गरेको अभियोगमा पुर्पक्षको लागि जेलमा रहेका मोहम्मद अफताबलाई प्रतिनिधिसभा सदस्यका लागि सर्वसम्मत सिफारिस गरेको छ। बिहिवार कांग्रेसको रौतहट २ नम्बर क्षेत्रीय कार्य समितिको बैठकले पूर्वमन्त्री आलमको नाम एकल रुपमा सिफारिस गरेको हो । केन्द्रको निर्देशनअनुसार औपचारिकताका लागि महिलाबाट अन्जु झाको नाम सिफारिस भएको छ। आलममाथि २०६४ सालको चुनावमा विष्फोटक पदार्थ बनाउने क्रममा घाइते भएका आफ्ना कार्यकर्ता तथा भाडामा भारतबाट ल्याएका व्यक्तिलाई पोल खुल्ने डरले भट्टामा हालेर जिउँदै जलाएको अभियोगमा मुद्दा चलिरहेको छ । उनी नख्खु कारागारमा छन् ।


"Education Is The Light Of Life"

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)

Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | - H.A.<br>- Staff Nurse<br>- D-Pharmarcy<br>- CMLT (Lab)<br>- Opthalmic Science<br>- Diploma in Civil, Electrical Mechanical Engineering<br>- Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग

(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु

१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनामा अनिवार्य Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन पाठन गराइने
७. प्रत्येक शुक्रबार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिबार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।



9854025530 / 9824885783



सम्पति विवरण समयमै बुझाऔं,जरिबानाबाट बचौं

➢ सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।

➢ आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिन भित्र आफ्नो सम्पति विवरण तोकिएको निकायमा पेश गरौं ।

➢ भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# देर आए दुरुष्त आए

जलेश्वर महोत्सव–२०७९ मनाउने निर्णय  ढीलो लिइए पनि सही र स्वस्थ निर्णय लिइएको देखिन्छ। जलेश्वर टुडे दैनिक पत्रिकाको प्रकाशक तथा सम्पादक पवन कुमार साहले समेत यस सम्बन्धमा विगतमा जलेश्वर का स्थानिय समाजिक अभियन्ताहरुसँग जलेश्वरमा महोत्सव वा मेला लगााउने कुरा गर्दा समयको प्रतिक्षा गर्नुस् र यो एक द्नि हुन्छ भनेर स्थानिय समाजसेवि गजेन्द्र गुप्ताले बताएका थिए।  आज उद्योग बाणिज्य संघ महोत्तरी जलेश्वरको आयोजनामा जलेश्वर नगर पालिका र मटीहानी नगरपालिकाको सँयुक्त सहयोगमा आयोजना आश्विन १४ देखि १९ गतेसम्म हुन लागेको जलेश्वर महोत्सव यस भेगको लागि अद्वितीय तथा आकर्षक कार्यक्रम हुने पक्का देखिन्छ। यस्ता कार्यक्रमहरु पहिला देखि नै भएको भए यस क्षेत्रलाई अझै पर्यटकीय देखि अन्य विभिन्न क्षेत्रबाट परिचय गराउन सक्नुको साथै स्थानिय विकासमा समेत टेवा पुग्ने थियो । आयोजकले यसको सफलताको लागि सञ्चार माध्यमलाई समेत प्रचारप्रसारको लागि मेडीया पार्टनरको रुपमा सहयोग लिन सक्नेछ । महोत्सवमा विभिन्न क्षेत्रलाई समेटीने गरी व्यवसायिक प्रतिष्ठानहरुलाई सहभागिको लागि आमन्त्रणा गर्न जरुरी छ। त्यसैगरी प्रवेश शुल्कदेखि अन्य शुल्कहरु निर्धारण गर्दा सहुलियत दर निर्धारण गर्दा बेश हुने देखिन्छ । स्थानिय तथा वरिपरीका पालिकाबासीहरुको सहभागिता हुनु आवश्यक देखिन्छ। महोत्ववको आकर्षणको लागि साँस्कृतिक कार्यक्रम,नाटक,बच्चाहरुको लागि खेल सामाग्री,कृषि सामाग्रीहरुको प्रदर्शनी आदी समावेश गर्न सकिन्छ । यस महोत्सवमा सिमापारीका पर्यटकलाई समेत तान्नको लागि व्यापक प्रचारप्रसार गर्न आवश्यक रहेको देखिन्छ । यस महोत्सवले जलेश्वर लगायत यस क्षेत्रको धार्मिक ठाउँहरुका समेत कायापलट हुने अधिक सम्भावना रहेको देखिन्छ।

## रामगोपालपुर नगरपालिकाको अपिल




रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी

## तपाईको टुडे

मेष: हानी हुने
वृष: कार्य सिद्धि
मिथून: लाभ प्राप्ति
कर्कट: आफन्तबाट धोका
सिंह: चिन्ता बढने
कन्या: काम बन्ने
तुला: धन लाभ
वृश्चिक: पिडा बढने
धनु: मिष्ठान्न भोजन
मकर: यात्राको योग
कूम्भ: व्यापारमा लाभ
मीन: सम्बन्ध सुध्रिने

## मधेस प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज,जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| घरआँगन नेपाल जलेश्वर एम्बुलेन्स – | ९८४४३२७१००/९८१०३७८७६५ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# साफ यू-१७ पुरुष च्याम्पियनसिप खेल्ने टोलीको बिदाइ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १६ भाद्र**

साफ यू-१७ पुरुष च्याम्पियनसिप खेल्न श्रीलंका जाने नेपाली टोलीको बिदाइ गरिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले बिहीबार श्रीलंका जाने नेपाली टोलीलाई बिदाइ गरेको हो। प्रतियोगिताका लागि यू-१७ टोलीको मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले २३ सदस्सीय टोलीको घोषणा गरिसकेका छन्। साफ यू-१७ को पहिलो खेलमा नेपालले भुटानको सामना गर्नेछ। प्रतियोगितामा नेपाल समूह 'बी' मा रहेको छ। नेपालको समूहमा भारत र भुटान रहेको छ। नेपालले भुटानसँग सेप्टेम्बर ७ मा प्रतिस्पर्धा गर्नेछ। नेपाली टोली शुक्रबार श्रीलंका प्रस्थान गर्ने छन्। समूह 'ए' मा आयोजक श्रीलंका, माल्दिभ्स र बंगलादेश रहेको छ। समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्



# एकै दिन तोलामा ९०० ले घट्यो सुनको मूल्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १६ भाद्र**

नेपाल सुनचाँदी व्यवसायी महासंघले आज सुनको मूल्य तोलामा ९०० रुपैयाँले घटेको जानकारी दिएको छ। आजको मूल्य तोक्दै महासंघले हिजोको तुलनामा भाउ घटेको जानकारी दिएको हो। यस्तै, आज चाँदीको मूल्य पनि तोलामा ३० रुपैयाँले घटेको छ। मूल्य घटेसँगै आज छापावाल सुनको मूल्य तोलामा ९३ हजार १०० र तेजाबी सुनको मूल्य तोलामा ९२ हजार ६०० रुपैयाँ छ। हिजो बुधबार छापावाल सुनको मूल्य तोलामा ९४ हजार र तेजाबी सुनको मूल्य तोलामा ९३ हजार ५०० रुपैयाँ थियो। पछिल्लो समय सुनचाँदीको मूल्य निरन्तर घटिरहेको छ। विषेश गरी, अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य घट्दाको प्रभाव नेपाली बजार मा समेत देखिएको महासंघमा आबद्ध व्यवसायीहरूले बताएका छन्। यसैगरी, आज चाँदीको मूल्य तोलामा ११ सय रुपैयाँ छ। हिजो बुधबार चाँदीको मूल्य तोलामा ११ सय ३० रुपैयाँ रहेको थियो। आज चाँदीको मूल्य तोलामा ३० रुपैयाँले घटेको हो।



# 'के घर के डेरा' को पोस्टर सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १६ भाद्र**

तिहार छेकोमा प्रदर्शन हुन लागेको फिल्म 'के घर के डेरा'को फस्टलुक पोस्टर सार्वजनिक भएको छ। रिलिज भएकामध्ये दुईवटा क्यारेक्टर पोस्टर हुन्, जहाँ दयाहाङ राई र विपिन कार्की चित्रित छन्। दीपेन्द्र के खनाल निर्देशित फिल्म कात्तिक ४ गते प्रदर्शन हुँदैछ। काठमाडौंमा डेरा गरी बस्नेको दुःखजिलो जीवन चित्रण गर्ने फिल्ममा सुरक्षा पन्त, वर्षा राउत र रविन्द्र झाको समेत मुख्य भूमिका छ। पोस्टरमा कुकुरको चित्रसहित हरेक मान्छेको दिन आउँछ भन्ने स्लोगन उल्लेख छ। शरद श्रेष्ठ, राजीव श्रेष्ठ र किरण महर्जनले निर्माण गरेको फिल्मको कार्यकारी निर्माता युवराज कार्की हुन्।




रोजगार बनौं ! Admission Open ! रोजगार बनौं !
जनकपुर अञ्चल भरीमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल
एक मात्र सु–प्रसिद्ध तालिम केन्द्र
शंकर टेक्निकल
– Civil Sub-Overseer (शिभिल सब–ओभरसियर)–१८ महिने।
– Pre-Diploma in Civil Engineering–१८ महिने।
– Electrical Sub-Overseer (विद्युत सब–ओभसियर)–१८ महिने।
– Pre-Diploma in Electrical Engineering–१८ महिने।
– Survey Engineering–(अमिन)–१८ महिने।
– Pre-Diploma in Survey Engineering–१८ महिने।
कोर्षहरुमा S.L.C./SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ–आफ्नो सिट सुरक्षित राखि मौकाको फाइदा उठाउनुहोस्।
फाराम भर्ने अन्तिम मिति : २०७९ भदौ १२ गतेसम्म
प्रवेश परीक्षा : २०७९ भदौ १६ विहान ८ बजे
स्मरण रहोस्
यहाँ Electrical Engineering,Civil Engineering,नापी अधिकृत,सर्वेक्षक तथा अनुभवी तालिम प्राप्त शिक्षक/शिक्षिकाहरुद्वारा तालिम दिने व्यवस्था गरिएको छ। धन्यवाद !
सम्पर्क स्थान
शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर
जिरोमाइल(कबरगाह देखि दक्षिणपट्टि जाने बाटोमा) जनकपुरधाम–७
☎ ०४१–४२१३६२,मो.९८१२०९१४६४,९८५४०२०५६४,९८४४०३८३६७

# ऋषिपञ्चमीको रहस्य......

'पश्यतीति वा ऋषिः।' अर्थात् जसलाई वेदको मन्त्र र त्यसको अर्थ प्राप्त छ, अथवा जसलाई आफूमा भएको प्रखर ज्ञानशक्तिले संसारको ज्ञात छ, उसैलाई भनिन्छ ऋषि। उनी लेख्छन्, वायु पुराणमा ऋषि शब्दको चार अर्थ वा लक्ष्य बताइएको छ, ती हुन- गति (ज्ञान), श्रुति, सत्य र तपस्या। यीमध्येको पहिलो गति वा ज्ञानले निरन्तरको गतिशीलता या ज्ञान मार्गमा अग्रसरता बुझाउँछ। दोस्रो श्रुतिले वेद विद्यामा उसको प्रवीणता देखाउँछ। शारीरिक, वाचनिक र मानसिक सत्यता उसको तेस्रो लक्षण हो भने तपस्वी जीवन हुनु उसको अन्तिम स्वरूप हो।' हिजोका हाम्रा पुर्खा र ऋषिहरुको खोज-अनुसन्धान, चिन्तनमननको जगमा आज हामी सभ्यताको यो चरणमा आइपुगेका छौं। समाजमा ज्ञानको प्रसार र ज्ञानीको सम्मान हुनुपर्छ, तर विवेक र सामाजिक न्यायको कसीमा।

स्वस्थ हुनु भनेको ABCDE जस्तै सजिलो छ। त्यसैले
Avoid alcohol
मदिरापान नगर्ने
Be physically active
शारीरिक रूपमा सक्रिय रहने
Cut down on salt and sugar
नुन र चिनीको कम प्रयोग गर्ने
Don't use tobacco products
सुर्तिजन्य पदार्थको सेवन नगर्ने
Eat plenty of fruits and vegetables
फलफूल र सागसब्जी प्रशस्त खाने
छिपहरमाई गाउँपालिकाको कार्यालय,पर्सा

कामनी व्यूटी पार्लर
यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर ,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।
सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



स्वस्थ हुनु भनेको ABCDE जस्तै सजिलो छ। त्यसैले
Avoid alcohol
मदिरापान नगर्ने
Be physically active
शारीरिक रूपमा सक्रिय रहने
Cut down on salt and sugar
नुन र चिनीको कम प्रयोग गर्ने
Don't use tobacco products
सुर्तिजन्य पदार्थको सेवन नगर्ने
Eat plenty of fruits and vegetables
फलफूल र सागसब्जी प्रशस्त खाने
जगरनाथपुर गाउँपालिकाको कार्यालय,पर्सा

# ऋषिपञ्चमीको रहस्य : स्त्रीले कुकुर्नी भई जन्मने चिन्ता गर्ने कि ज्ञानतर्फ अग्रसर हुने ?

**–ध्रुवसत्य परियार**




भक्तपुरको दुवाकोटमा बस्दै आएकी जुनु घिमिरेले १० वर्षको उमेर देखि तीजमा व्रत बस्न थालेकी हुन् । धनकुटा माइत भएकी ४० वर्षीया घिमिरेले सानैदेखि घरमा आमा, हजुरआमा, बडीआमाहरू, दिदीहरू व्रत बसेको देखिन् । 'यसपालि पनि म तीजको निर्जल व्रत बसेँ,' उनले बुधबार फेसबुक म्यासेन्जरमा भनिन्, 'पतिको आयु लामो होस् भनेर होइन कि आमा, हजुरआमाले सिकाएको संस्कार कायम राख्न अनि मेरो छोरीले पनि यहीँ सिकून् भनेर ।' ऋषिपञ्चमीको दिन विभिन्न स्थानबाट ल्याइएको माटोले शरीरलाई तीन सय ६५ पटक सफा गर्ने, दतिवनले दाँत माझ्ने, दतिवनको पातले शरीर सफा गर्ने र दिउँसो घरमा पुरोहित बोलाएर पूजा लगाउने गर्दै आएको उनी बताउँछिन् । साहित्यकार मन्दिरा मधुश्री आठ वर्षको उमेरमा पहिलोपटक तीजको व्रत बसेकी थिइन् । उनकी आमा ठूलो एकादशी, कृष्णजन्माष्टमी, तीज, राम नवमी आदिमा व्रत बस्थिन् । 'आमाले हामीलाई पनि व्रत बस्नुपर्छ भन्नुहुन्थ्यो । हामी लहैलहैमा व्रत बस्थ्यौं । प्राय: सबै व्रत निराहार हुन्थे,' भोजपुरमा जन्मेकी र हाल ललितपुरको धोबिघाटमा बस्दै आएकी मन्दिर ले बुधबार फेसबुक म्यासेन्जरमा भनिन्, 'हामी केटाकेटीलाई भने फलाहारको छुट हुन्थ्यो । त्यतिबेला छोरी वा महिलाले तीजको व्रत अनिवार्य बस्नुपर्छ भन्ने मान्यता थियो । आमाले हामीलाई यही भन्नुभयो । सुरुमा म आफ्नो बुद्धि र विवेकले व्रत बसेकी थिइनँ । व्रतका फाइदा र हानिका बारेमा मलाई थाहा थिएन ।' उनी पहिलोपटक व्रत बसेका बेला उनकी आमा गाई गोठालो गएकी थिइन् । उनलाई भोकले सताउन थाल्यो । त्यही बेला उनका दाइ र दिदी पनि काम विशेषले घरबाहिर निस्केका थिए । 'कोही नभएको मौकामा मैले बारीमा फलेको कलिलो काँक्रो टिपेर खाएँ,' उनी भन्छिन्, 'त्यसपछि म लगातार व्रत बसेँ । मुख सुकेर प्याकप्याक हुन्थ्यो, मैले पानी पनि खान्नथेँ । भोलिपल्ट अगस्तिको पूजा लाएर अर्घ्य दिएर मात्रै खान पाइन्थ्यो । अहिले त म धर्मको नाउँमा व्रत बस्दिनँ । व्रत बसेर धर्म हुन्छ भन्नेमा विश्वास लाग्दैन ।' जवाफमा कृष्ण भन्छन्, 'रजस्वला भएका बेला अज्ञान वा ज्ञानपूर्वक जो स्त्रीले गृहकर्म गरिन् वा भाँडावर्तन आदिलाई स्पर्श गरिन् भने उनलाई महापाप लाग्छ । रजस्वला हुनेबित्तिकै चारै वर्णका स्त्रीलाई पर सार्नू ।' तीजमा व्रत बसेर पनि आफूहरूले दिनभरि एक सय आठ जातका फूल खोजेर ल्याउने र बेलुका पूजामा प्रयोग गर्ने गरेको उनी बताउँछिन् । यसपटक ससुराबुवाको बर्खी भएकाले पूजापाठ गर्न नहुने भएकाले उनले ऋषिपञ्चमीको व्रत विधि अनुसार बस्न पाइनन् । जुनु र मन्दिराजस्तै व्रत बस्ने चेली-आमाहरू हामीकहाँ थुप्रै छन् । उनीहरू अधिकांशले आमाहरूबाटै व्रत बस्न सिकेका हुन् । हाम्रा हरेक धार्मिक अनुष्ठानको पिँधमा कुनै न कुनै कथा जोडिएर आएका हुन्छन् ।

**व्रतबारे पौराणिक कथा**

ऋषिपञ्चमीको व्रत सम्बन्धमा भविष्य पुराणमा केही कथा छन् । कुरुराज युधिष्ठिर (महाभारतका पात्र)लाई कृष्णले सुनाएको एउटा कथा भन्छ : युधिष्ठिरले सोध्छन्- भगवन् ! कसरी ऋषिपञ्चमी भन्ने नाउँ रह्यो । कस्तो प्रकारले पापदेखि नारीहरू मोक्ष हुन्छन्, पाप पनि संसारमा अनेक तरहका छन् !' जवाफमा कृष्ण भन्छन्, 'रजस्वला भएका बेला अज्ञान वा ज्ञानपूर्वक जो स्त्रीले गृहकर्म गरिन् वा भाँडावर्तन आदिलाई स्पर्श गरिन् भने उनलाई महापाप लाग्छ । रजस्वला हुनेबित्तिकै चारै वर्णका स्त्रीलाई पर सार्नू । ब्रह्माको आज्ञा छ कि चारै वर्णले सर्वदा रजस्वला भएकी स्त्रीलाई चार दिनसम्म त्याज्य गर्नू । किनकि रजस्वला भएको पहिलो दिन स्त्रीहरू चाण्डाली समान, दोस्रो दिनमा ब्रह्मघातिनी अर्थात् ब्राह्मणलाई मार्ने समान, तेस्रो दिन रजकी अर्थात् धोबिनी समान हुन्छन् । चौथो दिन ज्ञान वा अज्ञानले संसर्ग गर्नु पाप हुन्छ । यी पापलाई नाश गर्न र सम्पूर्ण उपद्रव दूर गर्न ऋषिपञ्चमीको व्रत गर्नु योग्य छ । ब्राह्मण, क्षत्रीय, वैश्य शूद्र- सबै स्त्रीले विशेषपूर्वक यो व्रत गर्नू । रजस्वला भएकी स्त्रीले नबार्दा के भयो र त्यसबाट मोक्षका लागि के गर्नुपर्छ भन्ने सम्बन्धमा कृष्ण अर्को कथा सुनाउँछन् । कथा भन्छ सत्य युगमा विदर्भ नामक नगरीमा श्येनजित नाम गरेका राजा थिए । उनको दरबारका सुमित्र नाम गरेका ब्राह्मण खेती गरेर कुटुम्बको परिपालन गर्दथे । तिनकी पत्नी जयश्री पतिव्रता र पतिको सुश्रुषा गर्नमा रत भएकी थिइन् । सधैँ घरधन्दा र खेतीपातीकै काममा लाग्दा जयश्रीलाई सास फेर्ने फुर्सद मिल्दैनथ्यो । एक दिन जयश्री रजस्वला भइन् । तैपनि उनले गृह कर्म गरिन्, भाँडावर्तन सबैको स्पर्श गरिन् । त्यसपछि कालका वशले जयश्रीको मृत्यु हुन्छ । उनीसँगको संसर्गमा रहेकाले उनका पति सुमित्रको पनि मृत्यु भयो । यिनीहरूले आफ्नै घरमा पुनर्जन्म पाउँछन् । जयश्री कुकुर्नी भएर जन्मिन्, सुमित्र गोरु भएर । यी दुवैलाई आफ्नो पूर्वजन्मको सम्झना हुन्छ । रात परेपछि भोकले पीडित कुकुर्नी आफ्ना पूर्वपति (गोरु)को समीपमा गई बिलौना गरी- 'हे नाथ ! हे स्वामिन् ! आज मलाई एक गाँस खाना दिएनन्, जुठो टपरी चाट्न पनि पाइनँ । मलाई क्षुधा (भोक)ले अत्यन्त व्याकुल पार्‍यो । अघिअघि त त्यो छोराले दिनदिनै खान दिन्थ्यो, आज जुठो पनि दिएन ।' छोराले आफूलाई खान नदिनुको कारण अर्थात् भान्सा छोएको घटना समेत उसले सुनाई । कुकुर्नी भएर जन्मेकाले जयश्रीले घरघरमा गएर जुठेल्नामा मिल्काएको खानेकुरा खाने गर्थिन् । गोरु भएर जन्मेकाले सुमित्रले नित्य जोत्नुपर्थ्यो । सुमित्रका छोरा सुमति बडा धर्मज्ञ थिए । पितृको सुश्रुषा गर्न र अतिथिको पूजा गर्न उनी चुक्दैनथे । उनले बाबुको एकोद्दिष्ट श्राद्ध गर्ने दिन आयो । उनले आफ्नी भार्या चन्द्रावतीलाई भने- हे चारुहासिनी (सुन्दर हाँसो भएकी) ! आज पिताको एकोद्दिष्ट श्राद्धको दिन हो । मैले ब्राह्मण भोजन गराउनुपर्छ । बढिया तवरसँग तरह वितरहका पाक्य बनाऊ । पतिको आज्ञाबमोजिम उनले अनेक प्रकारका मिष्टान्न तयार गरिन् । सोही बखतमा पायस (खीर)का भाँडामा सर्पले विष हालिदियो । बाहिर ढुकेर बसेकी कुकुर्नीले देखेर भाँडा छोई बिटुलो पारिदिई । ब्राह्मणले खाए भने अवश्य मर्नेछन् भन्ने उसलाई चिन्ता भएको थियो । भान्सा छोएको रिसमा चन्द्रावतीले कुकुर्नीलाई अगुल्टाले हान्दिभइन् । कुकुर्नी कराउँदै घरबाहिर निस्की । पुन: भोजन तयार गरेर यत्नपूर्वक श्राद्ध गरी उनीहरूले ब्राह्मणलाई भोजन गराए । कुकुर्नी बाहिर बसेकी थिई तर भान्सा छोइदिएको रिसले कसैले उसलाई जुठो खानेकुरा दिएनन् । त्यस दिन ऊ भोकैपरी । रात परेपछि भोकले पीडित कुकुर्नी आफ्ना पूर्वपति (गोरु)को समीपमा गई बिलौना गरी- 'हे नाथ ! हे स्वामिन् ! आज मलाई एक गाँस खाना दिएनन्, जुठो टपरी चाट्न पनि पाइनँ । मलाई क्षुधा (भोक)ले अत्यन्त व्याकुल पार्‍यो । अघिअघि त त्यो छोराले दिनदिनै खान दिन्थ्यो, आज जुठो पनि दिएन ।' छोराले आफूलाई खान नदिनुको कारण अर्थात् भान्सा छोएको घटना समेत उसले सुनाई । त्यसपछि गोरु बोल्यो- हे भद्रे, हे कल्याणी ! म कसो गरुँ ? तिम्रा लागि केही गर्न सक्दिनँ । आज मैले दिनभर पुत्रका खेतमा जोत्नुपर्‍यो । यताउताको केही खान्छ भनेर मेरो मुखमा मोहोलो बाँधेका थिए । म पनि क्षुधाले अत्यन्त पीडित छु । त्यो छोराले श्राद्ध गर्नु व्यर्थ छ, किनकि आज मलाई यस्तो कष्ट भइरहेछ ।'कुकुर्नी र गोरुबीच संवाद भएको सुमतिले सुन्न पुग्छन् । उनले मिष्ठान्न भोजन तयार गरी उनीहरूलाई खान दिए । तहाँ उप्रान्त सुमति सप्तऋषिहरूलाई भेट्न उनी वनमा गए । नित्य वनमा बस्ने ज्ञानी सप्तऋषिहरूलाई दण्डवत गरेर उनले आफ्ना मातापिताका हितका बारेमा सोधे । हे ब्रह्मर्षीय, हे तपोधना: ! कुन कर्मका पापले मेरा मातापितालाई यो अवस्था प्राप्त भयो ? अब मैले के गर्नाले त्यो पापदेखि मोक्ष हुन्छन् ? ऋषिहरू भन्छन्- हे विप्र ! तिम्री आमाले पहिले बालभाव अर्थात् मूर्खताले रजस्वला भएको थाहा भएर पनि वारण गरिनन् । सोही कारण उनी कुकुर्नी भइन् । तिम्रा बाबु पत्नीको स्पर्शदोषले गोरु भएका हुन् । अब यिनीहरूलाई यस योनिदेखि मुक्त गराउन तिमी र तिम्री ब्राह्मणीले ऋषिपञ्चमीको व्रत गरेर यत्नपूर्वक ऋषिहरूको पूजा गर्नुपर्छ । हे द्विजोत्तम ! सात वर्षसम्म यो व्रत तिमीले गर, अन्त्यमा वित्तअनुसार उद्यापान गर । खेती नगरीकन आफैँ उब्जाउ हुने मात्र खानू । जोतेर छर्नुपर्ने केही नखानू । भाद्र महिनाको शुक्ल पक्षका पञ्चमीका दिन मध्याह्न कालमा नदीहरू अथवा निर्मल जल भएको तलाउमा गई पहिले मन्त्र पढेर अपामार्गले दन्तधावन (दाँत सफा) गर्नू । 'आयुर्बलं' मंत्रले अपामार्गको प्रार्थना गरेपछि दन्त धावन गर्नू । तहाँ उप्रान्त शुद्ध वस्त्र धारण गरेर अरुन्धतीसहित सप्तऋषिको पूजा गर । पूजा र मन्त्रका प्रभावले रजस्वला स्पर्श दोषदेखि मोक्ष मिल्छ । यसमा कुनै सन्देह छैन । पहिले मानिससँग विज्ञान थिएन । के कारणले कस्ता रोग लाग्छन् भन्ने थाहा पाउनै हाम्रा पुर्खालाई अनेक अनुसन्धान र प्रयोग गर्नुपर्थ्यो । आफूले पत्ता लगाउन र सजिलै बुझ्न नसक्ने विषयलाई हाम्रा पुर्खाले दैवी वा अलौकिक शक्तिसँग जोड्न पुगे । दैवी र अलौकिक शक्तिकै कल्पनामा धर्म बन्यो । । सप्तऋषिका सल्लाहअनुरूप सुमति दम्पतीले श्रद्धापूर्वक र विधिपूर्वक व्रत गरे । व्रतका पुण्यले सुमतिकी आमा कुकुर्नी योनिदेखि मुक्त भई श्रेष्ठ विमानमा बसेर दिव्य आभूषणमा सजिएर स्वर्ग गइन् । तिनका बाबु पनि पशु योनिदेखि छुटेर स्वर्ग गए । यो कथा 'ऋषिपञ्चमी कथा (पुराण)' लेखिएको बनारसबाट प्रकाशित पुस्तकबाट लिइएको हो । पुस्तकमा पण्डित विश्वराज शर्माको नाम उल्लेख छ । पुस्तकको अन्त्यमा लेखिएको छ, 'इतिश्रीभविष्योत्तर पुराणेऋषिपञ्चमीव्रतकथासमाप्त ।'

**काल्पनिक कथा र समाज**

उपरोक्त कथामा पुनर्जन्म, पाप र मोक्षका कुरा आएका छन् । किन ? रजस्वला बार्नका लागि । अझै पनि धेरैले तर्क गर्छन्- रजस्वला भएका बेला दूषित रगत निस्कन्छ, जसले स्वास्थ्यमा हानि पुर्‍याउन सक्छ, त्यसैले महिलालाई रजस्वला बार्नुपर्ने नियम ल्याइएको हो । अर्को पनि तर्क सुनिन्छ, यो बेला महिलासँग संसर्ग गर्नु हुँदैन, त्यसैले अछुत बनाएर अलग राखिएको हो । यसो हो भने रजस्वला भएकी स्त्रीलाई सफासुग्घर बनाई अझ सुरक्षित किसिमले मिठोमसिनो खान दिएर राख्नुपर्ने हो । देवताको पूजा-आराधना गर्न लगाउनुपर्ने हो ! पहिले मानिससँग विज्ञान थिएन । के कारणले कस्ता रोग लाग्छन् भन्ने थाहा पाउनै हाम्रा पुर्खालाई अनेक अनुसन्धान र प्रयोग गर्नुपर्थ्यो । आफूले पत्ता लगाउन र सजिलै बुझ्न नसक्ने विषयलाई हाम्रा पुर्खाले दैवी वा अलौकिक शक्तिसँग जोड्न पुगे । दैवी र अलौकिक शक्तिकै कल्पनामा धर्म बन्यो । समाजमा मानिसलाई बाँधेर राख्न धार्मिक नियम बनाउन थालियो । हिन्दू समाजमा विशेषत: धर्म र सत्ता चलाउन वर्ण व्यवस्थामा आधारित धेरै नियम बनाइए । अज्ञानतामा बाँचेका मानिसले सत्तामा रहेका मानिसका कुरा पत्याउँथे । साधारण मानिसको स्वभाव र क्षमता यस्तो हुन्छ कि उनीहरूले घटनासहितका कथा सजिलै बुझ्छन् र लामो समयसम्म सम्झन्छन् । उपरोक्त कथा मैले हजुरबाबाट सानैमा सुनेको थिएँ । कुकुर्नी र गोरु बोलेको अनौठो घटनाले होला, यो मेरो स्मृतिमा अहिलेसम्म रहेको छ । त्यतिबेला हजुरबाले यसलाई लोककथा जसरी सुनाउनुभएको थियो, पुराणको कथा भनेर बताउनुभएन । यस कथाबाट बुझिन्छ । महिलाले सत्ता वा समाजले बनाएको रजस्वस्लाको नियमलाई मान्न छाडे । त्यसैले उनीहरूलाई त्रास देखाउन पुनर्जन्ममा कुर्कुनी र गोरु भएको कथा बुनियो । आफूसँग नजिक हुन आउने र स्नेह देखाउने मानिस होस् वा जनावर- जो-कोही मानिसलाई प्रिय लाग्छ । जन्म र मृत्यु, उत्पत्ति र अन्त्यको चिन्तनबाटै हाम्रा पुर्खाले विभिन्न शास्त्र निर्माण गरेका हुन् । आफ्ना प्रिय बाआमा वा व्यक्तिको मृत्युपछि मानिस बहकियो र आफ्ना नजिकका जनावरलाई पुनर्जन्ममा जोडेर कल्पना गर्न थाल्यो । त्यसैले सुरुमा मानिसले यो कथा पत्याए । उनीहरूलाई कथा सुनाउने ऋषिहरू, पण्डितहरू वा समाजका ठूलाबडा पुरुष हुन्थे । क्रमश: मानिसका लागि व्रत परम्परागत अभ्यास बन्दै गयो । पुर्खाले गर्दै आएको कुरा कुनै न कुनै कोणबाट राम्रै होला भनेर महिलाले त्यसलाई पछ्याउँदै आएका छन् । अहिले मानिसले पौराणिक कथा नसुने पनि नयाँ चेतनाअनुसार विभेदलाई नियाल्न थालेका छन् । अचेल पहिलोपटक महिनावारी भएकी छोरीलाई राम्रा लुगा लगाउन दिएर झनै सम्मानका साथ राखेका घटना पनि बाहिरिएका छन् ।

**विद्वान् पुरुषको पूजा**

आज हाम्रा लागि नौलो होइन, घरमा कोही ठूलो पदको मानिस आउँदा हामीले उनलाई मानसम्मान दिन्छौँ, सेवासुश्रुषा गर्छौं । ठूला मानिसलाई कदर गर्नु अवश्य राम्रो हो । यद्यपि, यसमा हामीले कति विवेकको प्रयोग गर्छौं भन्ने फरक पाटो हो । हाम्रा पुर्खाले ज्ञानी पुरुषलाई सम्मान दिन सिकाएका छन् । त्यसैले हामीले गुरु पूर्णिमा, ऋषिपञ्चमीजस्ता पर्व मनाउँछौँ । एउटा तर्क गर्न सकिन्छ- महिलालाई गुरुकुलहरूमा पढाउने, ज्ञानी बनाउने र तर्क गर्न दिने कि ज्ञानी पुरुषको पूजा गर्न मात्रै लगाउने ? भनिन्छ, ऋग्वेदका ऋचा रचना गर्ने ऋषिमा घोषा पनि थिइन् । वेदहरूले प्रकृति वा देउताहरूको पूजा र प्रार्थनामा जोड दिएका छन्, तिनका लागि मन्त्र दिएका छन् । पछि वर्ण व्यवस्थाको नियम, खासगरी विवाहको नियम लाद्दै जाँदा महिलाले विद्रोह पनि गर्न थाले । उनीहरूको विद्रोहलाई मनोवैज्ञानिक रूपमा कमजोर गराउन अनेक कथाको सहारा लिइयो । ज्ञानी पुरुषलाई मान्नुपर्छ भन्ने मनोविज्ञान निर्माणका लागि नै ऋषिपञ्चमीको व्रतकथाको रचना गरिएको बुझिन्छ । चेतोनाथ शर्मा आचार्यको पुस्तक 'हाम्रा धार्मिक चाडपर्व' अनुसार, गति अर्थ भएको तुदादिगणपठित 'ऋषी' धातुबाट उणादि प्रत्यय भएर ऋषि शब्द बनेको हो । 'ऋषति प्राप्नोति सर्वान् मन्त्रार्थान् ज्ञानेन संसारपार

***बाँकी पृष्ठ ३ मा***




प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : जय दुर्गा अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक),विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday